

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २१७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ भदौं २ गते आइतबार ❑ 18 Aug 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## लाटोकोसेरो संरक्षणका लागि कास्की र स्याङ्जामा गुँड बनाइँदै

**पोखरापत्र संवाददाता**
पोखरा, १ भदौं

लाटोकोसेरो संरक्षण गर्ने उद्देश्यका साथ कास्की र स्याङ्जामा एक सयवटा गुँड बनाइने भएका छन् ।

प्रकृतिका साथीहरू संस्थाको सक्रियतामा स्याङ्जामा १० र कास्कीमा ९० वटा गुँड बनाउन लागिएको निर्देशक राजु आचार्यले जानकारी दिनुभयो । "विगतमा पोखरा र आसपासका क्षेत्रमा रहेका पुराना घरहरूमा लाटोकोसेरोका गुँडहरू पाइन्थ तर हाल बासस्थानको समस्या परेको छ", उहाँले भन्नुभयो, "बासस्थानलाई सहज बनाउने उद्देश्यका साथ लाटोकोसेरोहरू रहेका स्थान पहिचान गरी गुँड बनाउने तयारी गरेका हौं ।" गण्डकी प्रदेशमा लाटोकोसेरो संरक्षणका लागि संरक्षणदूत छनोट गरिसकिएको र उनीहरूसँगको समन्वयमा आगामी तीन साताभित्र गुँडहरू राख्ने तयारी गरिएको निर्देशक आचार्यले बताउनुभयो । यहाँ पहिलोपटक छजना संरक्षणदूत छनोट गरी संरक्षण अभियान अघि बढाइएको छ । उनीहरूले बुढा रूखहरूको संरक्षण, गुलेली प्रयोग गरी चरा मार्न रोक्ने, स्थानीय विद्यार्थी र समुदायमा संरक्षण शिविर सञ्चालन गर्ने, लाटोकोसेरो संरक्षणका लागि कृत्रिम गुँड वितरण, चोरी-सिकारी नियन्त्रणका साथै सरोकार भएकाहरूको क्षमता अभिवृद्धिका लागि सहजीकरण गर्नेछन् । लाटोकोसेरो संरक्षणदूतका रूपमा केशव सापकोटा, बालकुमार गुरुङ, सुदर्शन पराजुली, आयुष ढुङ्गाना, ज्योति शर्मा र दीपा गुरुङले एक वर्षसम्म स्वयंसेवकका रूपमा लाटोकोसेरोको अध्ययन तथा संरक्षणमा योगदान गर्ने जनाइएको छ । यसअघि उनीहरूको क्षमता अभिवृद्धिका लागि तालिमसमेत सम्पन्न भइसकेको छ । संस्थाका निर्देशक एवं संरक्षणविद् राजु आचार्यले हालै हरित क्षेत्रको ओस्कार मानिने 'ह्विट्ली' संरक्षण पुरस्कार प्राप्त गर्नुभएकामा सोही पुरस्कारको रकमबाट लाटोकोसेरो संरक्षण अभियानसँगै गुँड निर्माणलगायत कार्यक्रम गर्न थालिएको संरक्षणदूत बालकुमार गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार गुँड राख्नका लागि स्थान पहिचानको काम सुरू भइसकेको छ ।

## उद्यमी महिलाको सशक्तिकरणका लागि अभिमुखिकरण कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, १ भदौं



महिला तथा बालबालिकाको क्षेत्रमा कार्य गर्दै आएको वुमन एक्ट नेपालले गण्डकी प्रदेशका महिला उद्यमीका लागि अभिमुखिकरण कार्यक्रम गरेको छ ।

नेपालका सीमान्तकृत र जोखिममा परेको महिला तथा बालबालिकाको आर्थिक सवलीकरण परियोजना अन्तरगत गण्डकीका प्रदेशका महिला उद्यमीको सशक्तिकरण गर्न, उद्यमका लागि सहजीकरण गर्न शुक्रबार अभिमुखिकरण गरिएको हो । अभिमुखिकरण कार्यक्रममा बोल्दै प्रदेशका सामाजिक विकास तथा स्वास्थ्य मन्त्री बिन्दु थापाले महिलालाई उद्यमी बनाउन तर्फ अबको बाटो हुनुपर्ने बताउँदै यसले महिलालाई आत्मनिर्भर बनाउने बताए । उनले आफू पनि उद्यमी पृष्ठभुमिबाट आएकै कारण उद्यमीहरुको समस्या बुझ्ने बताए । वुमन एक्टकी कार्यकारी अध्यक्ष श्रृजना अधिकारीले आर्थिक उपार्जनका लागि ससाना व्यवसाय गरिरहेका महिला उद्यमीले व्यवसाय दर्ता नगरिदिंदा सरकारबाट प्राप्त हुनसक्ने आर्थिक सहयोग, कार्यक्रम, सूचनाबाट वन्चित भइरहेको सुनाइन् । यसप्रति महिला उद्यमीलाई सशक्त बनाउने कार्यका लागि परियोजना अघि बढिरहेको उनले बताइन् ।

भेलाले पोखरा महानगर, माछापुच्छे गाउँपालिका र हुप्सेकोट गाउँपालिकाका महिला उद्यमी सम्मेलित ५ सदस्य प्रदेशस्तरीय महिला उद्यमीको सामुदायिक अभ्यास संजाल ९सीओपि नेटवर्क० समेत गठन गरेको छ । संजालको सयोंजकमा उर्मिला वि।क, उप संयोजकमा रेवती सारु, सचिवमा तुलसी अधिकारी, सदस्यमा यशोदा लम्साल र पुष्पा गुरुङ छन् ।

संजालले स्थानीय, प्रदेशस्तरमा समन्वय गरि उद्यमी महिलाको हकहितमा वकालत गर्ने वुमन एक्टका टिम लिडर प्रकाश अधिकारीले बताए । वुमन एक्टले बाग्मती, गण्डकी, मधेश, लुम्बिनी र सुदुरपश्चिम प्रदेशका २५ स्थानीय तहमा परियोजना सञ्चालन गरिरहेको छ ।

## पोखरा उद्योग वाणिज्य संघको अध्यक्षमा अर्जुन पोखरेल नेतृत्वको टीमद्धारा उम्मेदवारी घोषणा

**पोखरापत्र संवाददाता**
पोखरा, १ भदौं




पोखरा उद्योग वाणिज्य संघको अध्यक्षमा अर्जुन पोखरेल नेतृत्वको टीमले उम्मेदवारी घोषणा गर्नु भएको छ । यही भदौं २८ र २९ गते पोखरा उद्योग बाणिज्य संघको ३५ औं महाधिवेशनका लागि पोखरेल नेतृत्व टीमले शनिबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रम मार्फत उमेदवारी घोषणा गरेको हो ।

संघको आगामी निर्वाचनमा अध्यक्षमा बरिष्ठ उपाध्यक्ष गोकर्ण कार्कीले समेत दाबी गर्दै आउनु भएको छ । यद्यपी उहाँले भने औपचारिक रुपमा उम्मेदवारी घोषणा गर्नु भएको छैन् । अघिल्लो कार्यकालमा अध्यक्षमा पराजित हुनु भएको पोखरेलले यस वर्ष निकै मेहनतका साथ पूर्व अध्यक्षहरुको आर्शीबाद लिदै उहाँहरुको सल्लाह तथा सुझाव अनुसार पुनः उमेदवारी दिने तयारी गरेको अध्यक्षका उमेदवार पोखरेलले जनाउनुभयो । अघिल्लो कार्यकालमाप्राविधिक कारणवस आफु पराजित भए पनि यस वर्ष व्यवसायका धैरै मुद्धा समेत उठाएका कारण हालको कार्यसमितिको पदाधिकारीको अधिकांश टिम नै आफ्नो पक्षमा रहेको उहाँको दाबी छ । सबै भन्दा पुरानो संस्थाको प्रभावकारिता कम हुँदै गएको, व्यवसायीहरुको गुनासो सम्बोधन गर्न नसकेको, आर्थिक मन्दीको अवस्थामा पोखराका व्यवसायीहरुको धारणा, माग र सुझाव सरकार समक्ष प्रभावकारी रुपमा राख्न नसकेको, पोखराको समग्र विकासमा सरकारले ध्यान नदिँदा संघले जोडदार आवाज उठाउन नसकेको र उद्यमशिलताको विकास गरी युवालाई स्वरोजगार बनाउन उद्धत्त नभएको उहाँको गुनासो थियो । आफ्नो यी विषयमा गम्भिर हुने उहाँको भनाई छ । पोखरेलको नेतृत्वमा वरिष्ठ उपाध्यक्षमा उत्तममान बुद्दाचार्य, उपाध्यक्ष (बाणिज्य) तर्फः बलराम आचार्य, उपाध्यक्ष (उद्योग) तर्फ दिनेश वाँस्तोला, महासचिवमा शोभा गौत्तम, उप महासचिबमा बालकृष्ण कोइराला, कोषाध्यक्षमा मनोजकुमार श्रेष्ठले उमेदवारी दिनुहुने भएको छ । व्यवसायीहरु आफ्ना व्यवसायलाई निरन्तरता दिन नपाइरहेको अबस्थामा, घरभाडा, तलब, ब्याज, कर तिर्न ऋण लिनुपर्ने अवस्था रहेकोमा व्यापार, व्यवसाय, कारोबार गिर्दो अबस्थामा रहेकोले जसलाई मिलाउनुपर्ने आवश्यकतामा आफुहरुले पहल गर्ने भएको अध्यक्षका उमेदवार पोखरेलले बताउनुभयो । घरधनी आफ्नो पसल, कवल, कोठाहरु भाडामा नगएर समस्यामा रहेको उल्लेख गर्दै अध्यक्षका उमेदवार पोखरेलले व्यवसायीबाट पसल, कवलको बहाल पाउन गाह्रो भएकोले त्यसमा सशक्त भएर आफ्ना गतिविधि चलाउन गर्नुपर्ने उहाँले बताउनुभयो ।

बैंक र सरकारलाई आवश्यक परे ऋण ब्याजमा छुट पाउने विषयमा सशक्त आवज उठाउनु पर्ने, पुरानो संस्थाको नाताले यहाँ रहेका सबै अन्य संस्थालाई संरक्षण सहित समन्वय गरी अगाडि बढ्नुपर्ने अबस्था रहेको पोखरेलले जनाउनुभयो । संघमा हाल करिब २ हजार ९ सय सदस्य आवद्ध भएको महासचिव बलराम आचार्यले बताउनुभयो । यही भदौं १४ गते उमेदवार दर्ता गर्ने मिति तय गरिएको अध्यक्ष पवनकुमार प्रजापतिले जनाउनु भयो ।

## नेपाल निर्माण उद्योग परिषद्मा सुवर्ण श्रेष्ठ

**पोखरापत्र संवाददाता**
पोखरा, १ भदौं

नेपाल निर्माण उद्योग परिषद् कास्कीको चौथों साधारण सभा एवं तेस्रो अधिवेशन सम्पन्न गरेको छ । सो कार्यक्रम होटल पौंवा बैदाम पोखरामा भएको थियो ।

उक्त अधिवेशनले सुवर्ण श्रेष्ठको अध्यक्षतामा १३ सदस्यीय कमिटी निर्वाचित गरेको छ । नवनिर्वाचित कमिटीमा उपाध्यक्षमा कृष्णप्रसाद पोखरेल, सचिव उत्तम सिग्देल, सह-सचिव प्रकाश वराल, कोषाध्यक्ष रोशन के.सी., सह-कोषाध्यक्ष संजय कमर र सदस्यहरुमा ई. अनुषा पहारी, स्वीकार पोखरेल, बिरेन्द्र कुमार श्रेष्ठ, ई. श्रवण लम्साल, सुदिप बुढामगर, सरोज भूजेल र आकाश बराल भएका थिए ।

कार्यक्रममा अग्रज निर्माण व्यावसायी जेष्ठ नागरिक ८३ वर्षका शिव वहादुर कार्कीलाई सम्मान गरिएको थियो भने नेपाल निर्माण व्यवसायी संघ कास्कीको १६ औं अधिवेशनबाट निर्वाचित सहकोषाध्यक्ष किरण गौतम सदस्यहरुस्वीकारपोखरेलई. मिलन सुवेदी र नेत्रबहादुर रानामगरलाई बधाईका साथ सम्मान-पत्रद्वारा सम्मान गरिएको थियो । कार्यक्रममा नेपाल ईन्जिनियरीङ, एसोसियन गण्डकी प्रदेशका अध्यक्षका प्रत्यासी उमेद्वार ई. महेन्द्र गोदार, नेपाल निर्माण उद्योग परिषद्


बाँकी अन्तिम पृष्ठमा ▶▶


## माओवादी घटकलाई एकताबद्ध बनाउँछौं: अध्यक्ष दाहाल

**रासस**
काठमाडौं, १ भदौं

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' पार्टी सरकारमा छँदा सुशासनका पक्षमा काम गरेको बताउनुभएको छ ।


पार्टी सम्वद्ध रुकुमपश्चिम-काठमाडौं सम्पर्क समितिको दोस्रो जिल्ला सम्मेलनमा उहाँले आफू नेतृत्वको पूर्ववर्ती सरकारले सुशासन, सामाजिक न्याय र समृद्धिलाई केन्द्रमा राखेर काम गरेको उल्लेख गर्नुभयो ।

आफ्नो पार्टी समाजवादी क्रान्तिको तयारीमा रहेकाले पछिल्ला दिनमा पार्टीभित्रको बहसले झनै एकताबद्ध बनाएको उहाँले बताउनुभयो । अध्यक्ष दाहालले पार्टी स्थायी समिति बैठकमा उपमहासचिव जनार्दन शर्माले लिखित रूपमा राख्नुभएको मत फरक मत नभएकाले त्यसलाई केन्द्रीय समितिको दस्तावेजमा समावेश गरिने बताउनुभयो । उहाँले सम्पूर्ण माओवादी घटकलाई एकताबद्ध बनाउन लागिएको र पार्टीलाई झन् बलियो बनाउने दृढता व्यक्त गर्नुभयो ।

माओवादी केन्द्रका उपमहासचिव जनार्दन शर्माले आफूले पार्टी, आन्दोलन, नेतृत्व र जनताका पक्षमा काम गरेको बताउनुभयो । पार्टीमा बहस गर्न आफू सधै क्रियाशील रहिरहने तथा पार्टी बलियो बनाउनु निरन्तर खटिने उहाँको भनाइ थियो । उहाँले पार्टीभित्रको बहसले पार्टीलाई अझ बलियो बनाएको विचार राख्नुभयो । पार्टी बनाउने एजेण्डामा छलफल गर्दा आफूमाथि प्रश्न उठाइएकामा असन्तुष्टी व्यक्त गर्दै उहाँले स्थायी समितिको निर्णयअनुसार आफू निरन्तर पार्टी बढाउन लागिरहने उल्लेख गर्नुभयो ।

नेत्र विक्रम चन्दलाई पार्टी नछोड्न आफूले बारम्बार आग्रह गरेको सन्दर्भ उल्लेख गर्दै उहाँले भन्नुभयो, "अन्य वामपन्थी दलसँग एकताको कुरा चलिरहेको अवस्थामा विप्लवलाई माओवादीमा आउन रोक्यो भनेर अनर्गल प्रचार भयो ।" सो अवसरमा अध्यक्ष दाहालले सम्पर्क समितिमा रहेर जनताको सेवामा क्रियाशील तथा समितिलाई सहयोग गर्ने विभिन्न व्यक्तित्वलाई सम्मान गर्नुभएको थियो । कर्णाली प्रदेश सरकारका पूर्वमुख्यमन्त्री राजकुमार शर्माले रुकुम सधैं क्रान्ति र नेतृत्वको पक्षमा उभिएदै आएको बताउनुभयो । उहाँले अझै जनताका सपना पूरा नभएको एवम् समाजवादी क्रान्तिका लागि पार्टी फेरि एकताबद्ध भएर अघि बढ्नुपर्नेमा जोड दिनुभयो ।

नेता शर्माले पार्टीलाई सुदृढ बनाउन गम्भीर समीक्षा गर्नुपर्ने, पार्टीभित्र बढ्दै गएको मतभेद कम गर्न आत्मसमीक्षा गर्नुपर्ने एवम् सिङ्गो मुलुक माओवादीको एजेण्डामा अघि बढिरहँदा पनि माओवादी कमजोर हुनुमा सबैले जिम्मेवारी लिनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "जनताका बीचमा गएर आत्मसमीक्षा गरौं । गाउँ फर्कौं, आधार इलाका जाऔं, समाजवादी क्रान्तिका लागि जनताका बीचमा जानैपर्छ ।"

# एन प्याक्सन कास्कीद्वारा अभिभावकलाई अभिमुखीकरण

पोखरापत्र संवाददाता
पोखरा, १ भदौं

नेशनल प्याक्सन कास्कीले अभिभावकलाई प्रशिक्षण दिएको छ । एन प्याक्सनमा आवद्ध विद्यालय अन्तर्गत कक्षा ८ मा अध्ययनरत विद्यार्थीका अभिभावकलाई प्रशिक्षण दिएको हो । कार्यक्रममा १ हजार २ सय जना अभिभावकको सहभागिता रहेको थियो ।

विद्यार्थीको शैक्षिक गुणस्तरबृद्धि गर्न अभिभावकको जिम्मेवारीको विषयलाई लिएर अभिभावकलाई अभिमुखीकरण गरिएको एन प्याक्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीले जानकारी दिनुभयो । 'विद्यार्थीको पहिलो पाठशाला घर हो । आफ्ना वावु नानीका विषयमा अभिभावकले पनि निगरानी राख्नुपर्दछ भन्ने हाम्रो मान्यता हो' अध्यक्ष अधिकारीलेभन्नुभयो,'अभिभावकलाई जिम्मेवारीबोध गराउनका लागि पनि हामीले अभिभावकलाई प्रशिक्षण दिएका हौ ।' यस अघि



शिक्षक विद्यार्थीलाई प्रशिक्षण दिदै आएकोमा यस वर्ष बाट अभिभावकलाई पनि समेटेर कार्यक्रम गरेको उहाँले जानकारी दिनुभयो । कार्यक्रममा बोल्दै गण्डकी प्रदेशका सामाजिक विकास तथा स्वास्थ्य मन्त्री विन्दु कुमार थापाले प्रदेश सरकारले पनि शैक्षिक गुणस्तर वृद्धिका लागि अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने तयारी गरेको बताउनुभयो । कार्यक्रममा सहजिकरण गर्दै प्रशिक्षक प्रितम पौडेलले अभिभावकले राम्रो सस्कार र विद्यालयले गुणस्तर शिक्षा दिएमा विद्यार्थी अब्बल हुने बताउनुभयो । प्रदेश शिक्षा निर्देशनालय गण्डकी प्रदेशका प्रमुख अम्बिका प्रसाद आचार्यले अभिभावकको उचित स्याहार सुसार भएका विद्यार्थी सफल भएको अध्ययनले देखाएको बताउनुभयो । शिक्षा विकास तथा समन्वय इकाई कास्कीका वरिष्ठ अधिकृत भरत बरालले एन प्याक्सन कास्कीले नयाँ कार्यक्रमको थालनी गरेको बताउनुभयो । कार्यक्रममा अभिभावक विष्णुहरी पौडेलले प्रशिक्षण अभिभावकलाई उपयोगि भएको बताउँदै यस्ता कार्यक्रमलाई निरन्तरता दिन आग्रह गर्नुभयो । यसै गरी एन प्याक्सन कास्कीले अंग्रेजी भाषा विज्ञान प्रतियोगिता सम्पन्न गरेको छ । उक्त प्रतियोगितामा हिलसाइड इङ्लीस सेकेण्डकरी स्कुल प्रथम, लाभिन रेसिडेन्टल स्कुल द्धितीय, त्रिवेणी पब्लिक सकेण्डरी स्कुल तृतिय भएका थिए । त्यसैगरी अञ्जुली वोर्डिङ स्कुल, होली माउण्ट इङलीस स्कुल, वागमार एकेडेमी गार्डेन क्रमश चौथो पाचौ र छैटौ भएका छन् । उक्त प्रतियोगितामा एन प्याक्सनमा आवद्ध ३२ विद्यालयको सहभागिता रहेको थियो । कार्यक्रममा बौल्दै पोखरा महानगर पालिका शिक्षा महाशाखाका प्रमुख हेमप्रसाद अचार्यले विद्यार्थीका अन्तरनिहित प्रतिभा प्रस्फुटन गर्न यस्ता कार्यक्रम कोषेढुंगा सावित हुने बताउनुभयो । नेशनल प्याक्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष मनकाजी गुरुङले स्वागत र सचिव प्रेमराज अधिकारीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# साहित्य रत्न कल्याण पन्त र रूना साहित्य पुरस्कार असफल गौतमलाई

पोखरापत्र संवाददाता
पोखरा, १ भदौं

साहित्य रत्न पुरस्कारबाट कल्याण पन्त र रूना साहित्य पुरस्कारबाट असफल गौतम पुरस्कृत हुनु भएको छ ।

गीताञ्जली साहित्य परिवार पोखरा-११, रामघाटद्वारा सञ्चालित गीताञ्जली साहित्य रत्न पुरस्कारबाट यस बर्ष साहित्यकार पन्त र संस्थाद्वारा सञ्चालित मुक्तक विधा केन्द्रित रुना साहित्य पुरस्कारबाट साहित्यकार एवंपत्रकार गौतमलाई शनिबार पोखरामा आयोजित एक समारोहमा उक्त पुरस्कार अर्पण गरिएको हो । साहित्यका माध्यमबाट राष्ट्रिय स्तरमा योगदान दिएका स्रष्टालाई प्रोत्साहित गरिने उद्धेश्यले दुबै पुरस्कारको राशि जनही २५ हजार नगद सहित सम्मान पत्र रहेको अध्यक्ष भानु भण्डारी क्षितिजले बताउनु भयो । साहित्य रत्न उक्त पुरस्कारबाट यस अघि रत्न शमशेर थापा, शंकर ज्ञवाली र लक्ष्मण थापा पुरस्कृत हुनु भएको छ भने रुना साहित्य पुरस्कारबाट यसअघि तेजनाथ घिमिरे, डा. जगमान गुरुङ, तारानाथ पाखे, डा. नारायणप्रसाद अधिकारी, रुद्रबहादुर थापा, प्रा.डा. कुसुमाकर न्यौपाने, प्रा.डा. जगन्नाथ रेग्मी लगायत सम्मानित भई सक्नु भएको छ ।

एक समारोहका बिच चर्चीत लोक दोहोरी गायिका हरिदेवी कोइरालाले उहाँहरुलाई सम्मान गर्दै प्रतिभा छनौट समितिले उचित पात्र छनौट गरेको बताउनु भयो । नेपाली कला, संस्कृति र भाषाको साहित्यिक क्षेत्रबाट संरक्षण गर्नुपर्ने उहाँले बताउनु भयो । गीताञ्जली साहित्य रत्न पुरस्कार संस्थाद्वारा स्थापित सञ्चालित पुरस्कार रहेको पुरस्कार हो भने रूना साहित्य पुरस्कार मुक्तकमणि तीर्थराज अधिकारी परिवारद्वारा बाबा नारायणदत्त र आमा रूक्मिणाको स्मृतिमा स्थापित अक्षयकोषबाट सञ्चालित रहेको गीताञ्जली साहित्य परिवारका अध्यक्ष भानु भण्डारी क्षितिजले जानकारी दिनु भयो । प्रा.डा. जगन्नाथ रेग्मीको संयोजकत्वमा गठित प्रतिभा छनौट समितिको सिफारिसलाई समिति र पुरस्कार संस्थापकले सर्वसम्मत स्वीकृत गरेको हो । यसैबिच, राइनास नगरपालिका-८, लमजुङमा जन्मेका कल्याण पन्त लघुकथाका कृति प्रकाशन, अनुसन्धानमूलक लेखन, खगोल तथा ज्योतिष विज्ञान र पत्रकारितामा क्रियाशील हुनुहुन्छ । विभिन्न ग्रन्थको सम्पादन अनुभवसमेत भएका पन्तका समय सन्दर्भ र प्रसाद दुई लघुकथा कृति प्रकाशित छन् । यस अघि उहाँकले विभिन्न सम्मान पुरस्कारबाट पुरस्कृत हुनु भएको छ । पुतलीबजार नगरपालिका-७, स्याङ्जामा जन्मेका असफल गौतम आफूलाई नेपाली वाङ्मय र सञ्चारका क्षेत्रमा सर्जक, सङ्गठक, समालोचक र अन्वेषकका रूपमा स्थापित गराउन साधनारत स्रष्टा हुनुहुन्छ । विविध विधाका दर्जन बढी कृति प्रकाशित गरिसकेका उहाँका दर्जनौं सम्मान पुरस्कारबाट विभूषित हुनुहुन्छ । यसैगरी, संस्थाद्वारा बालप्रतिभाको प्रोत्साहनका लागि साहित्यकार तिलक पौडेल स्यार्कोटेद्वारा स्थापित तुलसी मुवा अहिल्या बालप्रतिभा पुरस्कार इडिभा खतिवडालाई प्रदान गरिएको छ । प्रोत्साहन पुरस्कारको राशि एक हजार एक सय सहितको रहेको छ । उक्त पुरस्कारबाट यस अघि स्मृति ओभा, लक्ष्मण आचार्य, सिर्जन ज्ञवाली, दिपशिना पौडेल र पिर्यदर्शन पहारी पुरस्कृत हुनु भएको संस्थाका सचिव नरेन्द्र रानाभाटले बताउनु भयो ।

# गौडाकोमुख टोल विकास संस्थाको १५ औं वार्षिक साधारण सभा

पोखरापत्र संवाददाता
पोखरा, १ भदौं

पोखरा महानगरपालिका वडा नं १३ स्थित गौडाकोमुख टोल विकास संस्थाको १५ औ वार्षिक साधारण सभा शनिवार सम्पन्न भयो ।

वडा नं १३ का वडा सदस्य रजनी परियारले सभाको उद्घाटन गर्दै वडा टोल विकास सुधारमा वडाले सदैव सहयोग गर्ने भन्नु भयो । त्यसैगरी वडा १३ का वडा सदस्य शरिफ अलिमियाँले हामी सबै मिलेर अगाडि बढेमा हरेक विकासमा कार्य गर्न सकिने धारणा राख्नुभयो । गौडाकोमुख टोल



विकास संस्थाका सल्लाहकार यमवहादुर गुरुङले एक सय ६ घर दुरी भएको टोलमा पाँच वटा टोल सुधार समिति रहको जानकारी दिनु भयो । छाडा कुकुरलाई नियन्त्रण गर्नुपर्ने भन्दै कुकुर लिएर हिड्नु भएको छ भने साथमा प्लाष्टिक पनि बोकेर हिड्न सल्लाहकार गुरुङले अनुरोध गर्नुभयो । कार्यक्रममा संस्थाका सह सचिव कृष्णराज पौडेलको वार्षिक प्रतिवेदन र कोषाध्यक्ष यशवहादुर गुरुङको आर्थिक प्रतिवेदन पारित भएको छ ।गौडाकोमुख टोल विकास संस्थाका अध्यक्ष इन्सपेक्टर मनकाजी गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा गौडाकोमुख टोल विकास संस्थाका सल्लाहकार माधवनारायण श्रेष्ठ, संगम टोल विकास संस्थाका अध्यक्ष धर्मराज पौडेल(अल्पायु), संस्थाको सह सचिव कृष्णराज पौडेलकी छोरी कृषा पौडेलले मिठो कविता वाचन गरेको कार्यक्रममा उपाध्यक्ष क्या.कृष्ण घलेले स्वागत र सदस्य मिना श्रेष्ठले कार्यक्रम संचालन गर्नुभएको थियो ।

# हल्लनचोकमा 'थ्रि मेन ए साइड' पुरुष भलिबल सुरु

पोखरापत्र संवाददाता
पोखरा, १ भदौं

पोखरा महानगरपालिका ६ हल्लनचोकमा शनिबारदेखि ' थ्रि मेन ए साइड' पुरुष भलिबल प्रतियोगिता सुरु भएको छ ।

हल्लनचोक स्पोर्टस् क्लबको आयोजनामा 'स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद' भन्ने नारासहित शनिबारदेखि प्रतियोगिता सुरु भएको क्लबका सचिव अशोक थापाले जानकारी दिए ।

थापाका अनुसार म्याग्दी साइलेन्टले स्याङ्जा युनाइटेडलाई पराजित गदै म्याग्दी साइलेन्टले विजयी सुरुवात गरेको छ । यस्तै दोस्रो खेलमा आयोजकलाई हराउँदै ठाँटी दोस्रो चरणमा प्रवेश गर्यो ।

तेस्रो खेलमा फो ब्रदर्शलाई प्रर्स्याङले पराजित गर्यो । चौथो खेलमा ढिकी डाँडालाई लौरुकले हराउदै अघिल्लो चरणमा स्थान बनायो । पाँचौ खेलमा सेती दोभानलाई मामा भान्जाको टोलीले पराजित गर्यो । छैटौं खेलमा मट्टिखानलाई



बटालियनले पाखा लगाउदै बटालियन दोस्रो चरणमा प्रवेश गर्यो । शनिबार भएको अन्तिम खेलमा स्काई लिंकले ताराखोला जापानलाई पराजित गदै दोसो चरणमा स्थान पक्का गरेको सचिव थापाले जानकारी दिए । यसअघि प्रतियोगिताको उद्घाटन सशस्त्र प्रहरी बल कालिका गणका गणपति एसपी अरुण शर्माले गरे । उनले सो अवसरमा बोल्दै भलिबलको विकासमा 'थ्रि मेन ए साइड' पुरुष भलिबल प्रतियोगिताले थप टेवा पुर्याउने धारणा राखे । खेलकुद अनुशासनको पहरेदार भएको बताउदै उनले खेलाडीलाई अनुशासित बन्न र एकताको सुत्रमा बाध्न सघाउ पुर्याउने बताएका थिए ।

हल्लनचोक भलिबल कोर्टमा यही ३ गतेसम्म चल्ने प्रतियोगितामा कुल २७ टिमको सहभागिता रहेको छ । आइतबार पनि बिहान ८ बजेदेखि नै बाँकी खेलहरु सञ्चालन गरिने क्लबका अध्यक्ष सुजन गुरुङले जानकारी दिए । उनका अनुसार प्रतियोगिताको विजेतालाई नगद रु ४० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिनेछ भने उपविजेताले नगद रु २५ हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ ।

# भद्रकाली क्याम्पसमा बिबिएसका विद्यार्थी नयाँ भर्ना अभियानमा

पोखरापत्र संवाददाता
पोखरा, १ भदौं

पोखरा महानगरपालिका वडा नं १३ स्थित भद्रकाली बहुमुखी क्याम्पसमा बिबिएस तेस्रो वर्षमा अध्ययनरत विद्यार्थीहरुले क्याम्पसलाई समय सान्र्दधीक अगाडि बढाउने विषयमा आ आफ्ना विचार प्रस्तुत गरे । मार्केटिङ मिश्रण अन्तर्गत उत्पादन, मुल्य, स्थान, प्रवर्धन र प्रक्रिया लगायतका विषयमा

छ समुहले व्यापक छलफल सहितको प्रस्तुति प्रस्तुत गरेका थिए । प्रस्तुतिमा क्याम्पसमा नयाँ भर्ना अभियानलाई अगाडि कसरी बढाउने भन्ने विषयमा छ समुह




केन्द्रित देखिन्थ्यो । वि.स. २०६६ सालमा स्थापना भएको क्याम्पसमा विद्यार्थीलाई सहभागीता गराई गरेको प्रस्तुतिले क्याम्पसको गुणात्मकमा धेरै राम्रो हुने छ । सो क्याम्पसमा बिए बिबिएस पढाई हुन्छ । क्याम्पसका सहायक क्याम्पस प्रमुख नारायण प्रसाद सापकोटा, परीक्षा तथा अतिरिक्त क्रियाकलाप सह संयोजक नरेन्द्रबाबु घिमिरेले हरेक कार्यमा सयमलाइ विशेष ध्यान दिनु पर्ने वताउनु भयो । कार्यक्रममा समुह एबाट अमृता गुरुङ, समुह बिवाट लक्ष्मी घिमिरे, समुह सीमा पुजा बिक, समुह डिबाट इच्छा सुवेदी र समुह इवाट विद्या वराल सहभागी हुनु भएको बिबिएस तेसो वर्षमा अध्यायपन शिक्षिका सदिक्षा सुवेदीले पोखरापत्रलाई वताउनु । आगमी दिनमा सबै सँगै मिलेर अगाढि बढेमा सुवेदीले धारणा राख्नु भयो ।

कार्यक्रममा क्याम्पस संचालन समितिका सदस्य शोभाकान्त सिग्देलले विद्यार्थीहरुको हरेक गुनासलाई बैठकमा छलफल गरिने वचन वद्धता दिनु भयो ।

# नेपाल ...

गण्डकी प्रदेश अध्यक्ष आनन्द बराल, नेपाल निर्माण उद्योग परिषद् केन्द्रीय सल्लाहकार ओम प्रसाद गौचन सम्मानित व्यक्तित्व शिव वहादुर कार्की र प्रमुख अतिथि चिरन्जीवी पोखरेलले शुभकामना मन्तब्य राख्नुभएको थियो । गोदारले इन्जिनियर र व्यवसायी विचमा एकता हुनुपर्ने र पूर्वाधारका योजनाहरूमा गुणस्तरीयता कायम गर्न सके मात्र देशको दिगो विकास र समृद्धिमा टेवा पुग्ने धारणा राख्नुभयो भने गौचनले निर्माण यावसायीको इतिहासको विरासत सदैव जिवित राख्नुपर्ने भन्ने भनाई राख्दै कार्कीले अग्रजलाई सम्मान र नयाँलाई अवसर माया गर्ने परिपाटीले उत्साह र क्षमताबृद्धि हुने कुरा राखेका थिए भने पोखरेलले केन्द्रीय सकूर्लर सबिस्तार राख्दै यहि भाद्र १५ र १६ गते काठमाण्डौंमा हुन गइरहेको केन्द्रीय कमिटीको अधिवेशनमा कास्की गण्डकी प्रदेशको साथै देशैभरीका व्यावसायीहरुको नेतृत्व लिन तयार भएको भनाई राखेका थिए । उक्त कार्यक्रमको अध्यक्षता कृष्ण प्रसाद पोखोलाले गरेका थिए । भने प्रमुख अतिथि केन्द्रीय बरिष्ठ उपाध्यक्ष चिरन्जीवी पोखरेल स्वागत मन्तब्य जिल्ला ईन्चार्ज सुर्यनारायण वरालले राखेका थिए भने कार्यक्रमको संचालन जिल्ला उप-सचिव किरण गौतमले गर्नुभएको थियो ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# सधैं प्रयोग

सरकारले स्मार्ट सवारी चालक अनुमतिपत्र (लाइसेन्स) समयमै दिन सकेको छैन । कहिले छपाई त कहिले छपाई ठेक्का लिनेको कमजोरीको मार सवारी चालकले खेप्नुपरेको छ । सवारी चालक अनुमतिपत्रको विकल्पका रुपमा राष्ट्रिय परिचयपत्रलाई प्रयोगमा ल्याउन सबै प्रदेश तयार भएका छन् । त्यसकालागि ट्राफिक प्रहरीलाई आवश्यक पर्ने उपकरण खरिदमा प्रदेश अन्तर्गतका मन्त्रालयहरुले सहयोग गर्ने निर्णय गरेका छन् ।

शुक्रबार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा सातवटै प्रदेशका यातायात मन्त्रीहरु र सचिवहरुको उपस्थितिमा छलफल भएको थियो । लाइसेन्सलाई राष्ट्रिय परिचयपत्रसँग जोड्ने लागायतबारे छलफल आयोजना गरिएको थियो।संघीय भौतिक पूर्वाधार तथा यातायातमा भएको छलफलमा कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री लिलाबल्लभ अधिकारी, मधेस प्रदेशका श्रम तथा यातायातमन्त्री कौशल किशोर राय, वाग्मती प्रदेशका श्रम, रोजगार तथा यातायातमन्त्री प्रेमभक्त महर्जन, गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री राजीव गुरुङ, लुम्बिनी प्रदेशका उद्योग, पर्यटन तथा यातायात व्यवस्थामन्त्री प्रचण्ड बिक्रम न्यौपाने, कर्णाली प्रदेशका भौतिक पूर्वाधार तथा सहरी विकासमन्त्री शेर बहादुर बुढा र सुदूरपशचिम प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री सुरेन्द्रबहादुर पालको सहभागिता रहेको थियो । यातायात व्यवस्था मन्त्रालय भनिए पनि प्रदेशहरुमा मन्त्रालयको नाममा एकरुपता छैन ।

सरकारले लाइसेन्सको सट्टा राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने तयारी गरेको छ। त्यसका लागि सवारी चालकले राष्ट्रिय परिचयपत्र वा नम्बर भनेका आधारमा ट्राफिक प्रहरीले विशेष किसिमको डिभाइसमार्फत् सवारी लाइसेन्स भए/नभएकाबारे पत्ता लगाउने छन् । ट्राफिक प्रहरीलाई उक्त डिभाइस उपलब्ध हुनसाथ यो नियम कार्यान्वयनमा आउने यातायात व्यवस्था विभागले जनाएको छ। सबै प्रक्रिया पूरा भएर ट्राफिक प्रहरीलाई मोवाइल डिभाइस उपलब्ध गराएपछि यो नियम लागु हुने विभागका महानिर्देशक उद्धवप्रसाद रिजालको दावी छ।'डिभाइस किन्ने कुरामा प्रदेशहरु सकारात्मक हुनुपर्छ ।'यो नियम लागु गर्ने कुरामा प्रदेश मन्त्री र सचिवहरुले चासो देखाएर पुग्दैन ।त्यसका लागि प्रदेश सरकारको तत्परता चाहिन्छ ।

केही प्राविधिक कुरा पूरा गरेर छिट्टै नै यो कार्यान्वयनमा ल्याउने दाबी विभागको छ। मोवाइल डिभाइसकालागि मापदण्ड बनाएर जुनसुकै निकायले पनि खरिद गरेर ट्राफिक प्रहरीलाई उपलब्ध गराउने व्यवस्था मिलाउने तयारी गरिएको छ। यो नियम लागू गर्नेबारे राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग र यातायात व्यवस्था विभागबीच बुधबार समझदारी पत्र (एमओयू) मा हस्ताक्षर भएको थियो । सवारी चालक अनुमतिपत्र सम्बन्धी विवरण सच्याउने,अत्यावधिक गर्ने लगायतका दैनिक सेवा प्रवाहसम्बन्धी कार्य प्रदेशका कार्यालयहरुबाट गर्ने र सोकालागि विभागले सफ्टवेयरमा 'कस्टमाइजेसन एक्सेस' लगायतका कार्यमा निरन्तर प्राविधिक सहजीकरण गर्ने छ।

त्यस्तै प्रदेश मातहतका यातायात कार्यालयहरुबाट जारी हुने राजश्वको रसिदलाई हार्ड पेपरमा कार्डका रुपमा स्तरीकरण गरी सोही रसिदमा क्युआर कोड र फोटो अंकित हुने गरी रसिद उपलब्ध गराउने व्यवस्था गर्ने निर्णय भएको छ। सवारीको चालक अनुमतिपत्र लिनका लागि लिखित परिक्षा लिने, प्रयोगात्मक परिक्षा लिने, राजश्व लगायतका सेवा प्रवाहमा हुने भिडलाई व्यवस्थित गर्न तीन महिना भित्र प्रदेश सरकारले 'क्यु म्यानेजमेन्ट सिस्ट' लागू गरिसक्ने निर्णय भएको छ ।सरकार फेरिएपछि मन्त्रीलाई काम देखाउन धेरै वाचा गर्ने कार्यान्वयन गर्ने बेला टाउको बटार्ने प्रबृत्ति हट्नुपर्छ । भौतिक मन्त्रालयले आयोजना गरेको यातायात व्यवस्थापन एवं सेवा प्रवाहमा सहजीकरण तथा भावी योजनाबारे संघ, प्रदेश र स्थानीय तह बीचको विषयगत छलफल पटकपटक भएमा कार्यान्वयनमा सहजता आउनेछ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शत्रुको भय |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : आर्थिक समस्या | धनु | : कार्यमा सफलता |
| कर्कट | : शारीरिक झमेला | मकर | : शुभ यात्रा |
| सिंह | : मानसिक तनाब | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# देशभर ९८ प्रतिशत रोपाइँ

**रासस**
काठमाडौं, १ भदौं

यस वर्ष देशभर करिब ९८ प्रतिशत रोपाइँ सम्पन्न भएको छ।

देशभर करिब १४ लाख हेक्टर जमिन धानखेतीका लागि उपयुक्त रहेकामा करिब १३ लाख ७२ हजार हेक्टर जमिनमा धान रोपाइँ सम्पन्न भएको कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले जनाएको छ।

गत आर्थिक वर्ष साउनसम्म करिब ९० प्रतिशत मात्र रोपाइँ भएकामा चालु आर्थिक वर्षको साउनसम्म आठ प्रतिशतले बढेर रोपाइँ सम्पन्न भएको हो । यस वर्ष देशभर राम्रो वर्षा भएकाले पनि रोपाइँ पनि देशभर राम्रोसँग भएको जनाइएको छ। धानको उत्पादन बढ्ने प्रक्षेपण गरिएको मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीले जानकारी दिनुभयो । उहाँका अनुसार सुदूरपश्चिम प्रदेशमा शत प्रतिशत धान रोपाइँ गरिएको छ भने कोशी प्रदेशमा अन्य प्रदेशभन्दा कम ९५ प्रतिशत रोपाइँ सम्पन्न भएको तथ्यांक छ।

गत आर्थिक वर्षमा सुदूरपश्चिम प्रदेशमा ९९ प्रतिशत तथा मधेस प्रदेशमा सबैभन्दा कम ६० प्रतिशत रोपाइँ सम्पन्न भएको थियो । आर्थिक वर्ष २०८०/८१ मा धान र चामल गरी रु २१ अर्ब ३४ करोडको आयात गरिएकामा आर्थिक वर्ष २०७९/८० मा रु ३५ अर्व ९० करोडको आयात गरिएको थियो । अघिल्लो आर्थिक वर्षको तुलनामा पछिल्लो आर्थिक वर्षमा करिब रु १३ अर्बले आयात घटेको अभिलेख मन्त्रालयसँग छ।

यस वर्ष करिब छ प्रतिशतले धानको उत्पादन वृद्धि हुने अनुमान गरिएकाले आयात थप घट्ने प्रक्षेपण गरिएको मन्त्रालयका सूचना अधिकारी जोशीले जानकारी दिनुभयो।

# उपल्लो मुस्ताङमा 'यार्तुङ पर्व'मनाइँदै



**रासस**
म्याग्दी, १ भदौं

उपल्लो मुस्ताङ 'यार्तुङ' पर्वमय बनेको छ । वारागुङ मुक्तिक्षेत्र, लोघेकर दामोदरकुण्ड र लोमान्थाङ गाउँपालिकाकाका विष्ट, गुरुङ र लोवा जातीले बर्खा यामको बिदाइ र हिउँद यामको स्वागतका लागि यार्तुङ पर्व मनाउँछन् ।

बर्खायामलाई बिदाइ गर्ने पर्वका रुपमा लिइने यो मेला मुस्ताङ लगायत, मनाङ र डोल्पा लगायत हिमाली जिल्लामा पनि मनाइन्छ । यार्तुङ तिब्बती भाषाबाट उत्पति भएको शब्द हो । लोमान्थाङ गाउँपालिकाका उपाध्यक्ष छियुमी विष्टले बर्खा यामको बिदाइ गर्न यार्तुङ पर्व मनाउने गरिएको बताउनुभयो । "यार्तुङ उपल्लो मुस्ताङको सांस्कृतिक पर्व र पहिचान हो," उहाँले भन्नुभयो "बर्खायाम सकिएर हिउँद लाग्न थालेपछि हरेक वर्ष प्राकृतिक विपद्, रोगब्याधी र अप्रिय घटना नहोस भन्ने कामना सहित यो पर्व मनाउने चलन छ ।" यार्तुङमा खेतीबाली राम्रो होस भनेर लामाहरुले देवी देवताको पुजाआजा गर्छन् । घोडचढी कौशल देखाउने उत्सवको रुपमा लिइने 'यार्तुङ'मा स्थानीय सेब्रु नाच, साँस्कृतिक कार्यक्रम आयोजना गर्ने चलन छ । वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-४ कागबेनीका वडाध्यक्ष कर्मा घ्याचो गुरुङले यार्तुङ पर्व सामाजिक सद्भाव कायम राख्नका लागि पनि महत्वपूर्ण रहेको बताउनुभयो । स्थानीयबासीको अनुकुलता र फुर्सद मिलाएर तीन दिन यार्तुङ पर्व मनाउने चलन छ। रानीपौवाको पुराङको जनप्रिय युवा क्लवका अध्यक्ष कैशाङ ठोक्या ठकुरीले मौलिक पर्व यार्तुङको सांस्कृति, संस्कार र मौलिकता संरक्षणसँग खेलकुद र पर्यटनको विकासका लागि महोत्सव आयोजना गरिएको बताउनुभयो । यार्तुङमा गरिने घोडादौड प्रतियोगिता अवलोकनका लागि विदेशी र आन्तरिक पर्यटकहरु मुक्तिनाथ आउने गरेका उहाँले बताउनुभयो । तारो (घनुषवाण) र फुटबल लगायतका खेलकुद प्रतियोगिताहरु पनि आयोजना गरिएको छ । यार्तुङ मनाएपछि खेतीबाली भित्र्याउने र लगाउन थाल्छन् । उवा, जौ, फापर बाली भित्र्याएपछि चिसो शुरु नहुदै उपल्लो मुस्ताङका बासिन्दा जाडो छल्न पोखरा, काठमाडौ, चितवन, बुटवल लगायत देशका विभिन्न सहरमा जाने गर्दछन् । फागुनमा गर्मी शुरु भएपछि घर फर्कने उनिहरु सहरमा घुम्ती व्यवसाय गर्छन् ।

# एसिया छनोट क्रिकेट आयोजना गर्दै नेपाल

**रासस**
काठमाडौ, १ भदौं

नेपालले आइसिसी १९ वर्षमुनि (यू-१९) क्रिकेट विश्वकप क्रिकेट एसिया छनोट-२०२५ को आयोजना गर्ने भएको छ।

आगामी एप्रिल १२ देखि २१ तारिखसम्म हुने उक्त छनोट प्रतियोगिताको आयोजनाको जिम्मेवारी नेपालले पाएको नेपाल क्रिकेट सङ्घ (क्यान)ले जनाएको छ।

क्यानका अनुसार छनोट प्रतियोगितामा आयोजक नेपालसँगै अफगानिस्तान, हङकङ, ओमान र संयुक्त अरब इमिरेट्स (युएई) छन् । छनोट खेलमा विजयी हुने टोलीले सन् २०२६ मा आयोजना हुने आइसिसी यु-१९ पुरुष विश्वकपमा प्रतिस्पर्धा गर्नेछ।

# चार हजार छ सय मिटर उचाइमा गल्फ प्रतियोगिता

**पोखरापत्र संवाददाता**
म्याग्दी, १ भदौं



विश्व कीर्तिमान कायम गर्ने उद्देश्यले मुस्ताङको लोमान्थाङ गाउँपालिका-५ लोवथाङमा आयोजना गरिएको तेस्रो मुस्ताङ गल्फ प्रतियोगिताको उपाधि इन्द्रधारा विष्टले जित्नुभएको छ।

लोमान्थाङ गाउँपालिका र मुस्ताङ गल्फ कोर्सले आयोजना गरेको प्रतियोगिताको महिलातर्फको उपाधि भने पोखराकी बालकाशी गुरुङले जित्नुभयो। समुद्री सतहबाट चार हजार छ सय ४५ मिटर उचाइमा अवस्थित लेवथाङमा आयोजना गरिएको यस प्रतियोगिता विश्वकै उच्च स्थानको गल्फ प्रतियोगिता भएको लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसीनर्बु गुरुङले दाबी गर्नुभयो । गण्डकी प्रदेशका पूर्व प्रदेशसभा सदस्य विजयी विष्टले नौ होलको खेलमा तीन अण्डर हान्दै २१ स्कोर बटुल्नुभयो । तीनवटा होलमा पार, एउटामा त्रिपल बुगी र पाँचवटा होलमा बुगी खेल्नुभएको थियो । पाँचवटा होलमा पार, एउटामा डबल बुगी र बाँकी तीनवटा होलमा बुगी हिर्काउँदै दुई अण्डर २० स्कोर प्राप्त गरेका नेपाल गल्फ एशोसिएसनका उपाध्यक्षसमेत रहेका फुर्साङ लामा द्वितीय हुनुभयो। गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) अमेरिकाको प्रतिनिधित्व गरेका निर्मल श्रेष्ठले १४ स्कोरसहित पुरुषतर्फको ग्रस उपाधि जितेका प्रतियोगिताका चिफ मार्सल भुवन गुरुङले बताउनुभयो । यसअघिका दुई वर्ष लगातार उपाधि जितेका काठमाडौँका गल्फर श्याम तामाङको ह्याट्रिक गर्ने लक्ष्य पूरा हुन सकेन । महिलातर्फको उपाधि जितेकी बालकाशी गुरुङले पाँच अण्डर २३ स्कोरको नतिजा निकाल्नुभएको थियो। चार अण्डर २२ स्कोर प्राप्त गरेकी धरानकी झुना राई दोस्रो हुनुभयो । संयोग शाहीले 'लङगेष्ट ड्राइभ' हिर्काउनुभयो भने महिला गल्फर मेदाङ लामाले 'क्लोजेष्ट टु दी पिन'को ट्रफी पाउनुभयो। याक पुरस्कार राखिएको 'होल इन वान' कसैले जितेनन् ।

प्रतियोगितामा सहभागी हुनका लागि काठमाडौँ, पोखरा, धरानलगायत सहरका ३५ जना गल्फ खेलाडी लोमान्थाङ पुगेका थिए। विजयी खेलाडीलाई लोमान्थाङ गाउँपालिकाका अध्यक्ष गुरुङले ट्रफी वितरण गर्नुभएको थियो । सो अवसरमा लेवथाङ गल्फ कोर्सको स्तरोन्नतिका लागि हिमालयन टाइगर गल्फ क्लब सेयाटल पोर्टल्याण्डका अवैतनिक महावाणिज्यदूत एसी शेर्पाले एक हजार डलर आर्थिक सहयोग गर्नुभएको छ। तीन वर्षअघि निर्माण गरिएको कोर्षलाई गिनिज बुक (विश्व कीर्तिमान)मा रेकर्ड गराउने प्रयासस्वरुप तेस्रोपटक प्रतियोगिता आयोजना गरिएको गाउँपालिकाका अध्यक्ष गुरुङले बताउनुभयो।

यसअघि भारतको सिक्किममा तीन हजार नौ सय ७० मिटर उचाइमा रहेको याक गल्फ कोर्षलाई सर्वाधिक उचाइको गल्फकोर्ष मान्ने गरिएको थियो । लोवथाङ गाउँपालिकाको केन्द्र लोमान्थाङ बजारबाट पश्चिम डोल्पा जाने बाटोमा पर्छ। त्यहाँसम्म पुग्न सडक विस्तार भइसकेको छ। करिब तीन किलोमिटर फराकिलो समथर खुला क्षेत्रमा घाँसेमैदानमा गल्फ खेलका लागि मैदान बनाइएको छ। गल्फका लागि टिबक्स, फेयरवे र ग्रीन, फ्रन्टलाइन र ब्याकलाइनको टिबक्सलगायत संरचना बनाइएको छ । गल्फ खेलमैदान पुग्न लोमान्थाङबाट १२ किलोमिटर सडकयात्रा गर्नुपर्छ। सवारीसाधनमा लोमान्थाङबाट ३० मिनेटमा पुग्न सकिन्छ।

# बेनीमा परम्परागत 'वर्षे नाच'को रौनकता

**पोखरापत्र संवाददाता**
बेनी, १ भदौं

सदरमुकाम बेनीमा परम्परागत 'वर्षे नाच'को रौनकता छाएको छ। बेनी बजारमा बस्ती बसेदेखि नै देखाउन थालिएको परम्परागत वर्षे नाचलाई नेवार समुदायको अगुवाइमा निरन्तरता दिइँदै आइएको छ।

घण्टाकर्ण चर्तुदर्शीदेखि सुरु भएको वर्षे नाच हरितालिका तीजको दिनसम्म एक महिनाभन्दा बढी समय देखाउने गरिन्छ। बेनीमा नेपाल भाषामंकाः खलः अन्तर्गतका युवाहरुको समूह ल्याम्हः पुचःको नेतृत्वमा वर्षे नाच देखाउने गरिएको छ। यस वर्ष लाखे नाच, घोडा नाच, जोग नाच, नागनागिनी नाचसहित श्रीकृष्ण रथयात्रा लगायतका कार्यक्रम समावेश गरिएको ल्याम्हः पुचःका अध्यक्ष जेनेश श्रेष्ठले बताउनुभयो । अघिल्ला वर्षहरुमा रोपाइँ, धानको बाला, गोरु लगायतका नृत्यसमेत वर्षे नाचमा समावेश गरिएको भए पनि यस वर्ष नाच व्यवस्थापनमा जनशक्ति थोरै भएकाले लाखे, घोडा, जोगीर नागनागिनी नाचलाई प्राथमिकता दिएर देखाउने गरिएको उहाँको भनाइ छ । पुर्खाले सुरु गरेको परम्परागत नाचलाई तालिम र अभ्यासका माध्यमबाट युवा तथा बालबालिकामा समेत सिप हस्तान्तरण गर्ने गरिएको अध्यक्ष श्रेष्ठको भनाइ छ । बेनी बजारमा दिनहुँजसो साँझपख विभिन्न नाच देखाउन थालेपछि वर्षे नाचको रौनकता बढेको छ । सडक र चोक चोकमा देखाइने वर्षेनाच हेर्न बालबालिका, युवायुवति देखि बृद्धबृद्धासम्म सडकतीर जम्माहुने गर्छन् ।

वर्षे नाचमा नेवार समुदायका साथै बेनीमा बसोबास गर्ने अन्य जातजातिका युवायुवती र बालबालिकासमेत सहभागी हुने गर्छन् । बेनीकै सांस्कृतिक पहिचानका रुपमा रहेको वर्षे नाचमा नयाँनयाँ कलाकारहरुको आगमनले मौलिक नाचको संरक्षण र निरन्तरतामा सहयोग पुगेको लाखे नाचका संयोजक सन्दिप श्रेष्ठले बताउनुभयो। परम्परागतरुपमा देखाइँदै आएको वर्षे नाचलाई संरक्षण गर्दै हराएर जाने अवस्थामा पुगेका नाचहरुलाई समेत निरन्तरता दिने गरिएको छ। वर्षे नाचमा समावेश गरिने नागनागिनी नाच नेपालभरमा म्याग्दीमा मात्र देखाउने नाचको रुपमा परिचित छ । जनैपूर्णिमा पर्वको दिनमा वर्षभरी दिवंगत भएका नेवार समुदायका व्यक्तिहरुको सम्झनामा सापारु अर्थात् नागनागिनी नाच देखाउने चलन रहेको छ। दुई सय वर्षभन्दा पुरानो वर्षे नाचको निरन्तरताको लागि बेनीमा नयाँ कलाकारलाई तालिम दिने गरिएको छ । परम्परादेखि चलिआएको संस्कृतिको निरन्तरता र मौलिकताको संरक्षणमा युवाहरुको उत्साहजनक सहभागिताले सहयोग पुगेको युवा कलाकार अभिनेष श्रेष्ठले बताउनुभयो। आधुनिकताको प्रभावले मौलिक र रैथाने संस्कृति लोप हुँदै गइरहेको सन्दर्भमा वर्षे नाचलाई संरक्षण गर्ने दायित्व युवाको काँधमा आएको उहाँको भनाइ छ । वर्षे नाचमा मृढङ्गा र मादलको तालमा नृत्य देखाउने गरिन्छ । सबैजसो नाचमा परम्परागत समाजको चित्रण गर्ने चलन छ । खास गरि लाखे नाचमा परापूर्व कालमा समाजमा दुःख दिएको र विकृती फैलाएको घण्टाकर्ण नामको राक्षसको हत्यापछि राक्षसकी श्रीमतीले पति वियोगमा गरेको चरित्रलाई देखाउने गरिन्छ। वर्षे नाचअन्तर्गत तिजको दिनमा दानवीय स्वरुपको लाखेलाई भगवान श्रीकृष्णले बध गरेपछि असत्यमाथि सत्यको विजयी हुने सन्देशसहित यो नाच समापन गरिने चलन छ।

# पहिरो प्रभावितलाई माओवादी केन्द्रको आर्थिक सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, १ भदौं

बागलुङको बडिगाड गाउँपालिका-९ र १० का पहिरो प्रभावित परिवारलाई आर्थिक सहयोग प्रदान गरिएको छ। नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), बागलुङ र उक्त दलसम्बद्ध जनसङ्गठनहरूको पहलमा सङ्कलित रु दुई लाख १६ हजार आज पहिरो प्रभावित परिवारलाई वितरण गरिएको हो । माओवादी केन्द्रका केन्द्रीय सचिव एवं बागलुङ-२ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य देवेन्द्र पौडेललगायतको उपस्थितिमा पहिरो प्रभावितलाई राहत रकम वितरण गरिएको हो । पहिरोमा परी मृत्यु भएका ११ जनाका परिवार र बेपत्ताका एक परिवारलाई जनही रु १३ हजार, सख्त घाइते दुईजनाका परिवारलाई जनही रु १० हजार र घर पूर्ण रूपमा क्षति भएका चार परिवारलाई जनही रु १० हजारका दरले आर्थिक सहयोग प्रदान गरिएको उक्त दलका जिल्ला संयोजक राजीव घिमिरेले जानकारी दिनुभयो । पहिरो प्रभावितको राहतका लागि माओवादी केन्द्रको जिल्ला समन्वय समिति, नेपाल राष्ट्रिय उद्योग व्यापार सङ्गठन, अखिल नेपाल स्वास्थ्यकर्मी सङ्घ, राष्ट्रिय कर्मचारी सङ्गठनलगायतले राहत रकम सङ्कलन गरेका थिए।

नेपाल राष्ट्रिय उद्योग व्यापार सङ्गठन, बागलुङले पहिरो प्रभावित परिवारका लागि गत साउन २५ देखि २९ गतेसम्म बागलुङ बजारका व्यवसायीबाट रु ५० हजार राहत रकम सङ्कलन गरेको सङ्गठनका अध्यक्ष मुकेशचन्द्र राजभण्डारीले बताउनुभयो । गत साउन २२ गते राति परेको अविरल वर्षापछिको पहिरोमा परी बडिगाड-९ बलघाँस र १० आरुपाटामा ११ जनाको मृत्यु भएको थियो भने एकजनाको अवस्था अझै अज्ञात छ।

